# शोधप्रस्ताव

## १.१ शोधार्थीको नाम

विमल आचार्य

## १.२ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "गोविन्दबहादुर मल्ल 'गोठाले'का कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्याङ्कन" रहनेछ ।

## १.३ परिचय

गोठाले उपनामले चिनिने गोविन्दबहादुर मल्ल गोठाले (वि.सं. १९७९) ले *कथासङ्ग्रह* (२००४), *कथैकथा* (२०१६), *प्रेम र मृत्यु* (२०३९), *बाह्र कथा* (२०५२), *जङ्गबहादुर र हिरण्यगर्भकुमारी* (२०६१) जस्ता कथासङ्ग्रहहरू प्रकाशित गरेर उनले आफ्नो छुट्टै कथाकारिताको परिचय दिएका छन् । *पल्लो घरको झ्याल* (२०१६), *अपर्णा* (२०५३), *पियानानी* (२०५६) आदि जस्ता उपन्यासले उनलाई उपन्यासकारका रूपमा परिचित गराएको छ ।

भोको घर (२०३४) जस्ता एकमात्र उत्कृष्ट एकाङ्की सङ्ग्रहले उनलाई एकाङकीकार बनाएको छ । नाटककारका रूपमा उनका *भूसको आगो* (२०१३), *च्यातिएको पर्दा* (२०१६), *दोष कसैको छैन* (२०२७), आदि नाटकहरूले चिनाएका छन् । आवाज र रूपरेखा पत्रिकाको प्रकाशनले उनी सम्पादक र पत्रकारसमेत बन्न पुगेका छन् । उपन्यासकार सम्पादक, पत्रकार नाटककार आदिका गुण गोठालेमा देखिए तापनि मनोवैज्ञानिक र सामाजिक कथाका क्षेत्रमा उनको विशेष योगदान छ । गोठालेले सामाजिक यथार्थवादी दृष्टिकोणलाई कथासङ्ग्रह (२००४) कथासंग्रहमा प्रयोग गरेका छन् । बाह्रवर्षपछि वि.सं. २०१६ मा *कथैकथा* कथासङ्ग्रहमा सामाजिक दृष्टिकोण नै देखिन्छ । त्यस्तै *प्रेम र मृत्यु* (२०३९) कथासङ्ग्रहमा बालमनोविज्ञानको दृष्टिकोण पाउन सकिन्छ । *बाह्र कथा सङ्ग्रह* (२०५२) मा समसामयिक सामाजिक र मानवीय समस्याको परिवेश पाउन सकिन्छ । जङ्गबहादुर र हिरण्यगर्भकुमारी (२०६१)

कथासङ्ग्रहमा मनोविश्लेषणात्मक प्रवृत्ति पाउन सकिन्छ । मूलतः गोठालेका अघिल्ला कथाहरूमा सामाजिक परिवेशको चित्रण उल्लेख्य रूपमा पाइन्छ भने पछिल्ला चरणका कथाहरूमा मनोविज्ञानको प्रयोग बढी पाउन सकिन्छ ।

## १.४ समस्याकथन

यस शोधमा देखिएको मूल समस्या भनेको शोधशीर्षकअनुसार गोठालेका कथामा पाइने सामाजिकताको खोजी गर्नु हो । गोठालेका कथाभित्र कहाँ कहाँ, कस्तो-कस्तो सामाजिक परिवेश रहेको छ, सो स्थानको खोजी गर्नु नै यस शोधको समस्या हो । यी समस्याहरूलाई बुँदागतरूपमा निम्नानुसार प्रस्तुत गरिन्छ ।

(क) गोविन्दबहादुर मल्ल 'गोठाले' को जीवनी, व्यक्तित्व र कृतित्वलाई कसरी चिनाउन सकिन्छ ?

(ख) आधुनिक नेपाली कथाको परम्परा र गोविन्द गोठालेका कथायात्रा र प्रवृत्तिहरू के-कस्ता छन् ?

(ग) सामाजिक कथाकारका रूपमा गोविन्दबहादुर मल्ल 'गोठाले'को कस्तो स्थान रहेको छ ?

(घ) गोठालेका कथामा पाइने सामाजिक परिधि के-कस्तो रहेको छ ?

## १.५ अनुसन्धानका उद्देश्यहरू

गोविन्दबहादुर मल्ल 'गोठाले' को कथाकारिताको गहन अध्ययन गरी समस्याकथनमा राखिएका बुँदाहरूमाथि विश्लेषण गरी उनको कथाकारितामा पाइने सामाजिकताको प्रयोग कहाँ कहाँ कसरी भएको छ भन्ने कुरा देखाउनु प्रस्तुत शोधकार्यको उद्देश्य रहनेछ । यस शोधकार्यका प्रमुख उद्देश्य निम्नलिखित रहनेछन् :

(क) गोविन्दबहादुर मल्ल 'गोठाले' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु ।

(ख) आधुनिक नेपाली कथाको परम्पराको अनुशीलन गर्दै गोविन्द *गोठाले*को कथायात्रा र प्रवृत्तिको निक्योंल गर्नु ।

(ग) सामाजिक कथाकारका रूपमा गोविन्दबहादुर गोठालेको स्थानको निरूपण गर्नु ।

(घ) गोठालेका कथामा पाइने सामाजिक परिधिमाथि प्रकाश पार्नु ।

## १.६ शोधकार्यको औचित्य

गोठालेका कथामा पाइने सामाजिक पक्षको विश्लेषण एक अनुसन्धेय विषय हो । यसको अध्ययन अनुसन्धान गर्दा ज्ञानको विस्तार हुने भएकाले यसको अध्ययन जरुरी देखिन्छ । यस पक्षको खोजी गर्ने क्रममा उचित सामग्रीको प्रयोगले गहिराइमा पुग्न सकिन्छ । त्यसैले गोविन्दबहादुर मल्ल *गोठाले*का कथामा पाइने सामाजिक पक्ष" को विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधकार्यको औचित्यको विषय रहनेछ ।

## १.७ शोधपत्रको सीमाङ्कन

उपन्यासकार, नाटककार, सम्पादक, पत्रकार आदि गोविन्दबहादुर 'गोठाले' का विविध पक्षको अध्ययन नगरेर सामाजिक कथाकार र उनका कथामा पाइने सामाजिक पक्षको विश्लेषण र मूल्यांकन गर्नु यस शोधकार्यको सीमा रहनेछ ।

## १.८ पूर्वकार्यको समीक्षा

गोविन्दबहादुर मल्ल *गोठाले*ले साहित्यका विभिन्न विधामा योगदान दिए पनि कथाको क्षेत्र विशेष चर्चा योग्य रहेको छ । विशेषतः काठमाडौंली सामाजिक परिवेशको चित्रण गर्ने कथाकार गोठालेले त्यस परिवेशको चित्रणको व्याख्या र विश्लेषण कमै मात्रामा भएको पाइन्छ । तथापि गोठालेका जीवनी, व्यक्तित्व, कृतित्व, कथात्मक प्रवृत्ति, मूल्याङ्कन आदिसम्बन्धी अध्ययनका क्रममा सामाजिकताका पक्ष पनि उल्लेख भएको पाइन्छ । विशेषतः गोविन्द गोठालेसम्बन्धी विभिन्न कृतिहरू, पत्रपत्रिकाका लेखहरू, शोधपत्रहरूका साथै अन्य अप्रकाशित सामग्रीहरूको कालक्रमिक ढंगमा निम्नानुसार प्रस्तुत गरिन्छ ।

- वासुदेव त्रिपाठीले *विचरण* (२०२८) मा गोविन्द गोठालेका कथामा रहेको सामाजिकताको अध्ययन गरेका छन् । उनका अनुसार जिन्दगीको मर्म कथाको सामाजिक पक्षबाट उल्लेख भएको चर्चा गरेका छन् ।

- शिव रेग्मीले गोविन्द गोठालेको *कथा शिल्प* (२०३४) मा गोठालेको शैल्पिक चमत्कारिताको सकारात्मक टिप्पणी गरेका छन् ।

- विजयबहादुर मल्लले *नेपाली साहित्यमा गोठालेको स्थान* (२०३४) मा गोठालेलाई कथाक्षेत्रमा सामाजिक पक्षको वकालत गर्ने प्रबुद्ध व्यक्तिका रूपमा औंल्याएका छन् । त्यसै गरी उनले *गोठालेका कथाहरूमाथि एक विचार* (२०११) मा परम्परागत दृष्टिकोणले गोठालेका कथाहरूमा रहेको सामाजिक पक्षको सामान्य उल्लेख गरेका छन् ।

- रमेशकुमार भट्टराईले *गोविन्द गोठालेको कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्यांकन* (२०३६) मा गोठालेका कथासङ्ग्रहको सामाजिक पक्षहरूको विश्लेषणात्मक ढङ्गले केलाएका छन् ।

- माधवप्रसाद घिमिरेले *प्रेम र मृत्यु* (२०३९) कथासङ्ग्रहको प्रकाशकीयमा गोविन्द गोठाले नेपालका विशिष्ट कथाकारमध्ये एक हुन् जो मनोविश्लेषणात्मक कथा लेख्छन् र उनका कथामा सामाजिक चित्रण र मनोविश्लेषणात्मक अद्भूत सम्मिश्रण पाइन्छ भनेका छन् ।

- ईश्वर बरालले *झ्यालबाट* (२०४८) मा गोठालेका कथाहरूको गौणतः सामाजिक प्रधानतः मनोविश्लेषणात्मक पक्षको चर्चा गरेका छन् ।

- दयाराम श्रेष्ठले नेपाली कथा भाग-४ (२०५७) मा गोठालेलाई तीव्र सामजिक चेतनाको पृष्ठभूमिमा व्यक्तिको मानसिक जीवन वा मनोलोकलाई अतिशयोक्तिबिना वा भावुकतारहित भएर चिनाउने कथाकार हुन् भनेका छन्।

- केशवप्रसाद उपाध्यायले नेपाली एकाङ्की भाग-२ (२०५८) को भूमिकामा वरिष्ठ कथाकार गोठालेले मानवीय मनोदशाका विभिन्न ग्रन्थीहरूको सशक्त विश्लेषण गरेको कुरा बताएका छन् ।

- मुकुन्द घिमिरेले 'नासो' कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन (२०५८) त्रि.वि. स्नातकोत्तर शोधपत्रमा गोविन्दबहादुर गोठालेका कथाको पनि सामाजिक संरचनाका प्रभावहरूको सामान्य चर्चा गरेका छन् ।

- रोशन थापा 'नीरव' ले समकालीन साहित्य (पू.४५) को नेपाली कथा समालोचना विशेषाङ्कमा गोठाले आफ्ना कथाहरूमा मानसिक अन्तर्द्वन्द्व, यौन मनोग्रन्थि र अपराध मनोवृत्तिको विश्लेषण गर्नमा जति सक्षम हुन्, त्यति नै मानव मनका कमजोरी, सामाजिक धरातलमा रहेका गरिबीको चित्रण गर्न पनि सफल छन् भन्ने कुराको चर्चा गरेका छन् ।

माथि उल्लेख गरिएका अध्ययनहरू नै कथाकार गोठालेका सामाजिक पक्षका बारेमा भएका पूर्वकार्यहरू हुन् । विभिन्न लेखकले सामाजिकताको पनि विभिन्न पक्षहरूको उल्लेख गरेका छन् । उक्त केही पूर्वकार्यहरूबाट गोठालेको अघिल्ला कथाहरूका बारेमा केही अध्ययन भइसकेको कुरा पुष्टि हुन्छ । उक्त अध्ययनहरूमा गोठालेलाई कसैले सामाजिक पक्षको अध्ययनकर्ता, कसैले सामाजिक पक्षको पनि गरिवीको चित्रणकर्ता, कसैले गरिबीको मनोदशा आदिको चित्रणकर्ता पनि भनेका छन्।

मूलतः गोविन्द गोठालेका कथाहरूमाथि यी विविध कार्यहरू भए तापनि सम्पूर्ण कथाहरूभित्रको सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन आजसम्म कसैबाट पनि नभएकाले गोठालेको जीवनी र व्यक्तित्वको परिचय दिदै उनका सम्पूर्ण कथाहरूमा रहेको सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन गरिन्छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यका लागि प्रमुख रूपमा पुस्तकालयीय सामग्रीसङ्कलनविधि प्रयोग गरिनेछ । यसका साथै शोधसमस्याको समाधानका निमित्त प्रश्नावली अन्तर्वार्ता उपकरणको प्रयोग गर्ने गरी क्षेत्रीय विधिलाई पनि अंगालिने छ । सहायक रूपमा आवश्यकतानुसार स्थलगत अध्ययन, सम्बन्धित विशिष्ट व्यक्ति (बौद्धिक, प्राज्ञिक, विज्ञ, शोधकर्ता, छिमेकी, परिवार, कुटुम्ब, नलनाता आदि) सँग शोधपुछका साथै दूरभाषयन्त्र र इन्टरनेटको पनि प्रयोग गरिनेछ ।

विभिन्न विधिहरूबाट संकलित सामग्रीहरूलाई संरचनात्मक ढङ्गले यसका प्रायोगिक पक्षहरूको उद्घाटन गर्दै विभिन्न कोणबाट व्याख्या, विश्लेषण गरिनेछ । गोठालेको कथाक्षेत्रमा स्थान पहिल्याउँदै कथामा सामाजिकताको पृष्ठभूमिगत अध्ययन

के हो ? यस लेखनको प्रयोग गोठालेले आफ्ना कथामा कसरी कसरी प्रयोग गरेका छन् । त्यसको विश्लेषण र मूल्याङ्कन गरिनेछ । मूलतः यस कार्यका निमित्त समरूपमा अनुगमनात्मक र निगमनात्मक विधिको प्रयोग गरिनेछ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई संगठित र सुव्यवस्थित रूप दिनका निमित्त विभिन्न शीर्षक, उपशीर्षक र उपशीर्षकहरूमा विभाजन गरिनेछ । आवश्यकतानुसार शोधपत्र तयार गर्दा यसको रूपरेखामा परिमार्जन पनि गर्न सकिनेछ । यस शोधपत्रको रूपरेखा निम्नानुसारको रहनेछः

**पहिलो परिच्छेद** : यस परिच्छेदमा शोधपरिचय रहनेछ । यसअन्तर्गत शोधशीर्षक, परिचय, समस्याकथन, उद्देश्य आदि रहनेछन् ।

**दोस्रो परिच्छेद** : यस परिच्छेदमा गोठालेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्दै त्यसको मूल्याङ्कन गरिनेछ ।

**तेस्रो परिच्छेद** : यस परिच्छेदमा आधुनिक कथाको परम्परा र गोठालेको कथायात्रा र प्रवृत्तिको अध्ययन रहनेछ ।

**चौथो परिच्छेद** : यस परिच्छेदमा गोठालेका समग्र कथाहरूभित्र रहेको सामाजिक पक्षको विश्लेषणात्मक अध्ययन गरिनेछ ।

**पाँचौ परिच्छेद** : यस परिच्छेदमा शोधपत्रको समग्र निष्कर्ष रहनेछ ।

# १. सन्दर्भग्रन्थसूची

## क. सन्दर्भपुस्तकसूची


उपाध्याय, केशवप्रसाद.

२०५८ **नेपाली एकाङ्की** (भाग-२). काठमाडौं : साझा प्रकाशन, ।

कुँवर, उत्तम.

२०५० **स्रष्टा र साहित्य.** (ते.सं), काठमाडौं : साझा प्रकाशन, ।

खनाल, यदुनाथ.

२०३० **समालोचनाको सिद्धान्त.** (ते.सं.), काठमाडौं : साझा प्रकाशन ।

गोठाले, गोविन्द

२०३९ **प्रेम र मृत्यु.** काठमाडौं : साझा प्रकाशन,।

त्रिपाठी, वासुदेव,

२०२८ **विचरण.** काठमाडौं : भानु प्रकाशन ।

बराल, ईश्वर (सम्पा.)

२०४८ **झ्यालबाट.** (पाँ.सं.) काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम.(सम्पा.)

२०५७ **नेपाली कथा भाग–४.** काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ ,दयाराम.

२०५९ **साहित्यको इतिहास, सिद्धान्त र सन्दर्भ.** काठमाडौं : त्रिकोण प्रकाशन।

श्रेष्ठ,दयाराम र शर्मा, मोहनराज.

२०४९ **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास.** (चौ.सं) काठमाडौं : साझा प्रकाशन ।

## ख. सन्दर्भपत्रपत्रिकासूची


*गोठाले*, गोविन्द.

२०२७ ‘अन्तर्वार्ता’. **रूपरेखा-११५**।

जोशी, रत्नध्वज.

२०१६ ‘कथाकार गोविन्द *गोठाले*जी’. **शारदा**, (२४/४)।

थापा, रोशन.

२०५९ ‘नेपाली कथाको विकासक्रम’.**समकालीन साहित्य**, (१२/४/४५)।

भट्टराई, रमेशकुमार.

२०६१ ‘*गोठाले*का कथाको सामाजिक परिवेश’. **दोभान**, (५/२)।

मल्ल, विजय

२०३४ ‘नेपाली साहित्यमा गोठालेको स्थान’ **प्रज्ञा** (६/४/२२)

रेग्मी, शिव.

२०३४ ‘गोविन्द *गोठाले*को कथा शिल्प’. **गोरखापत्र**।

‘सम्भव’, दयाराम.

२०३५ ‘अन्नपूर्णाको संरचनात्मक विश्लेषण’. **बान्की**, (३४/१९)।

श्रेष्ठ, दयाराम.

२०५९ ‘नेपाली कथासाहित्यको विकासक्रम र वर्तमान सन्दर्भ’.**समकालीन साहित्य**, (१२/४/४५)।


## ग. सन्दर्भ शोधपत्रसूची (त्रि.वि. नेपाली विभागअन्तर्गत स्नातकोत्तर तहका अप्रकाशित शोधपत्रहरू)


आचार्य, ध्रुवराज.

२०६१ **प्रेम र मृत्यु कथासङ्ग्रहको कृतिपरक अध्ययन**।

भट्टराई, रमेशकुमार.

२०३६ **गोविन्दबहादुर *गोठाले*को कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्याङ्कन ।**

घिमिरे, मुकुन्द.

२०५८ **नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन ।**

# सामाजिक कथाकारका रूपमा गोविन्दबहादुर मल्ल *गोठाले*

## समाज र साहित्यको सन्दर्भमा कथामा पाइने सामाजिकता

सामाजिक अनुभूतिलाई अभिव्यक्त गर्ने क्रममा साहित्यकारले साहित्यको सृजना गर्दछ । त्यो सृजना साहित्यकारको देश, काल, वातावरण, संस्कृति र समग्र परिवेशको कलात्मक प्रस्तुति हो । (त्रिपाठी,२०५८–भाग-२:१४८) साहित्यकारको मूल्याङ्कन सामाजिक सन्दर्भमा गर्ने र सामाजिक विकास र उन्नयनमा साहित्यको भूमिका कोट्याउने परम्परा नयाँ जस्तो देखिए पनि यी दुईबीच रहेको शाश्वत सम्बन्धको सूत्र भने ज्यादै पुरानो पाईन्छ । त्यसैले सामाजिक संरचना र त्यसको विकासमा साहित्यकारको ठूलो भूमिका हुन्छ । साहित्यमा सामाजिक चेतनाको प्रस्फुटन भेटिने गर्छ । जसले गर्दा यहाँ साहित्यकारलाई सामाजिक अनुसन्धानका रूपमा पनि हेर्न सकिन्छ ।

विकसित समाजमा प्रतिष्ठित साहित्यको सिर्जना हुने भएकाले व्यक्तिको साहित्यिक संस्कारमा पनि समाजको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । सामाजिक पृष्ठभूमिमा व्यक्ति साहित्यकारको व्यक्तित्व निर्माण हुँदा आनुवंशिक तथा वातावरणसम्बन्धी दुई तर्फी प्रेरणा प्रमुख रूपमा संलग्न रहने कुरा नृवंशशास्त्रीहरूले चर्चा गरेका छन् (विल्स राल्फ एल,सन्१९७३:६२-७६) । व्यक्तिले जन्मजात उत्तराधिकारका रूपमा आनुवंशिक संस्कारहरू प्राप्त गरेको हुन्छ यद्यपि यो संस्कार व्यक्तिको नैसर्गिक गुण हो, तापनि व्यापक साहित्यिक व्यक्तित्वका सन्दर्भमा संस्कार पनि सामाजिक सम्पत्तिकै रूपमा देखिन्छ । फ्रान्सेली समालोचना एवम् प्रमुख समाजशास्त्री हिप्पोलाइट टेनले कृतिमा क्षण, युग र जातिलाई जोड दिएका छन् । (त्रिपाठी,२०३६:१४९) त्यसैले साहित्यकार आफ्नो प्रजाति, युग र परिवेशभन्दा बाहिर गएर सिर्जना गर्न नसक्ने देखिन्छ । उसलाई कतै न कतैबाट आफ्नो पारिवारिक पृष्ठभूमि त्यसबेलाको समय र समाजको वातावरणले प्रभाव पारिरहेकै हुन्छ । तसर्थ साहित्य सामाजिक वाताावणको प्रभावबाट जन्मिने एक सिर्जना हो भन्ने प्रष्ट हुन्छ ।

त्यो सिर्जना वा साहित्य व्यक्तिगत सम्पत्ति मात्र नभएर सार्वजनिक सम्पत्तिका रूपमा सधैं सार्वजनीन र सार्वकालिक रहिरहन्छ ।

साहित्यकारको समसामयिक वातावरण, धार्मिक राजनीतिक परिवेश र उसको शैक्षिक परिवेशले पनि उसको कृतिमा प्रभाव पारिरहेको हुन्छ । ऊ आफ्नो परिवेशभन्दा भिन्नै परिवेशबाट पनि प्रभावित भइरहेको हुन्छ । उसले कृतिका मार्फत् अर्काको परिवेशलाई ग्रहण गर्दछ र कृतिमा उतार्छ भने त्यस्तो किसिमको प्रभावलाई बाह्य वातावरणको प्रभाव भनिन्छ । त्यस्तो उसको आफ्ना समसामयिक वातावरण, धार्मिक, राजनैतिक परिवेशलाई आन्तरिक वातावरणको प्रभाव भनिन्छ । यसर्थ साहित्यकारमा जुनसुकै वातावरण भए पनि कुनै न कुनै सामाजिक वातावरणले प्रभाव पारिरहेको हुन्छ । साहित्यकारले कहिलेकाँही आफ्नो परम्परागत साहित्यिक संस्कार र प्रभावलाई पनि प्रेरणाका रूपमा ग्रहण गरेर साहित्य सृजनामा लागिरहेको देखिन्छ । त्यो साहित्यिक परम्परा पनि आखिरमा उभन्दा पूर्वको सामाजिक सांस्कृतिक परिवेशकै उपज हुन आउँछ । यसरी कुनै पनि साहित्यकारको आन्तरिक संस्कार र बाह्य वातावरणमा साहित्यिक व्यक्तित्व निर्माण हुँदा अतीत र वर्तमानका सांस्कृतिक, सामाजिक, धार्मिक, राजनैतिक तथा शैक्षिक मूल्य र मान्यताहरू सामाजिक पर्यावरणका रूपमा संलग्न हुन्छन् । तिनै कुरालाई साहित्यकारले आफ्ना कृतिहरूको विषय बनाइ राखेको हुन्छ ।

उपर्युक्त तथ्यहरूका आधारमा समाज र साहित्यबीच प्रत्यक्ष रूपमा सम्बन्ध जोडिएको हुन्छ भने अप्रत्यक्ष रूपमा पनि साहित्यसँग समाजको सम्बन्ध रहेको हुन्छ । साहित्य मूलतः स्वान्तसुखाय र सौन्दर्यानुभूतिकै निमित्त लेखिए तापनि मानवीय दृष्टि र अप्रत्यक्ष रूपमा रहने यस किसिमको सम्बन्ध सूत्र वास्तवमा साहित्यको अपरिहार्य सामाजिक नियति हो । कुनै पनि रूपले साहित्यमा सामाजिक गतिविधिको छायाँ परिरहेको हुन्छ । त्यसैले कुनै पनि साहित्यको इतिहास जाति या समाजको इतिहास हो (रामकृष्ण शर्मा,२०२६:२७) । कुनै पनि जातिको वास्तविक समाज चित्रण इतिहासका कुनै पनि किताबमा भन्दा पूर्ण, सूक्ष्म र सत्य रूपमा साहित्यकारका साहित्यिक कृतिहरूमा हेर्न सकिन्छ । समाजभित्रका रीतिरिवाज, आचारविचार, चालचलन र विभिन्न मानवीय उच्चाभिलाषा दुःख-सुख, हर्ष विस्मात, हाँसो-आँसु

अनि सांस्कृतिक परम्परा र प्रचलनका संघटन र विघटन, आकर्षण र विकर्षण आदिलाई साहित्यले जति सूक्ष्म रूपमा देखाउँछ, त्यति इतिहासले देखाउन सक्दैन । ( यदुनाथ खनाल,२०३०:३८-३९) ।

विश्वसाहित्यको पश्चिमी परम्परालाई हेर्दा पनि दाँते, सेक्सपियर, एडिसन, स्टिल, स्विफ्ट आदि साहित्यकारहरूले जति अङ्ग्रेज समाजको सजीव र सूक्ष्म चित्रण गरेको पाइन्छ, त्यति कुनै पनि इतिहासकारले गर्न सकको देखिन्न । त्यस्तै पूर्वीय साहित्यपरम्परामा पनि रामायण र महाभारतको जातीय गरिमा देखाउन सक्ने कुनै इतिहास तयार भएको देखिन्न । त्यसैले साहित्यले समाजको सूक्ष्म चित्रण गर्दछ भन्ने कुरा मान्नु पर्दछ । साहित्यले समाजको चित्रण मात्र नगरेर मनोरञ्जन दिने र हाँसो र व्यङ्ग्यका मार्फत् समाजका विकृति, विसङ्गतिलाई हटाउने प्रयास गर्दछ ।

साहित्य समाजको चित्रण मात्र होइन, निर्णायक, शोध र पोषक पनि हो, अनि साहित्यले समाजको यथार्थ रूप जन समक्ष ल्याइदिनु पर्दछ र कलङ्क देखाइदिनु पर्छ भन्ने आग्रह एक थरी आलोचकहरूको देखिन्छ तापनि समस्या प्रधान साहित्यिक कृतिहरूमा सामाजिक समस्याको यथार्थ प्रदर्शन सफलता मानिने हुन्छ । समाजमा सद्विवेक जगाउनु मात्र साहित्यको उद्देश्य नभए तापनि त्यस क्षेत्रमा पनि साहित्यको ठूलो हात रहन्छ । सामाजिक सद्विवेक जगाउन धर्मका आदेश र नीतिका उपदेशभन्दा साहित्यका परहास, उपहास व्यक्तिगत दुर्दशाको दयनीय चित्रणादिको प्रभाव नै प्रबल रहन्छ । त्यसैले समाज र साहित्य सँगसँगै हिड्नु पर्दछ भन्ने धारणा बेलाबखतमा देखापरेका साहित्यसम्बन्धी कलावादी दृष्टिकोणलाई छोडेर प्रायः सधै स्विकार्य हुँदै आएको छ । (यदुनाथ खनाल,२०३०:२६-३१)

साहित्यिक अभिव्यक्तिका सन्दर्भमा आधुनिक साहित्यका विविध विधाहरूमा समसामयिक प्रयोग र तिनीहरूकै माध्यमबाट सामाजिकतालाई बढी नजिकबाट खोतल्न थालिएको प्रतीत हुन्छ । सामाजिक विकास र वैज्ञानिक उन्नतिमा आधुनिक आख्यान (कथा र उपन्यास) नै बढी मात्रामा नजिक देखिन्छन् । त्यसमा पनि आधुनिक कथाले समाजको घटनालाई टिपेर सामाजिकता देखाउन खोजेको महसुस हुन्छ ।

साहित्यका विविध विधामध्ये कविता, नाटक, निबन्ध, आदिमा पनि सामाजिकता भेट्न सकिन्छ । कविता भावनात्मक हुने भएकाले यो कल्पनामा रमाउँछ । नाटक अभिनयात्मक हुने भएकाले अभिनयमा जोड दिन्छ अर्थात् नाटक संवाद पक्षलाई जोड दिंदै प्रदर्शन आकर्षण गर्नेतर्फ केन्द्रित रहन्छ । त्यस्तै निबन्धमा व्यक्तिको आत्मप्रकाशनमै जोड दिइन्छ, जसले समाजको चित्रणभन्दा पनि आफ्नो बखान र वैचारिकता लाद्न रमाउँछ । यसरी कविता, नाटक र निबन्ध आदि विधाहरूमा खास रूपमा सामाजिकताकै सन्दर्भलाई छुने उद्देश्य लिन नसकेको देखिन्छ । कथा र उपन्यासमा सामाजिक घटनालाई यथार्थ रूपमा चित्रण गर्न खोजिएको पाइन्छ । उपन्यास बृहत् आकारको गद्यात्मक कृति भएकाले विविध सन्दर्भलाइ छुनुपर्ने हुन्छ । तसर्थ त्यहाँ सामाजिक सन्दर्भ टड्कारो रूपमा देखिन गाह्रो पर्दछ । उपन्यासभन्दा कथामा छोटो मीठो तरिकाले सामाजिक सन्दर्भलाई प्रस्तुत गर्न सकिने सम्भावना बढी रहन्छ ।

उपर्युक्त तथ्यहरूका आधारमा उपन्यास र कथाले वस्तु, चरित्र र वातावरणलाई आधार बनाएर सामाजिक सन्दर्भलाई केलाउने प्रयास गरेका छन् । त्यसैले अन्य विधाका तुलनामा आख्यानात्मक कृति उपन्यास र कथा सामाजिकताको सम्भावना बढी पाइने हुन्छ । यसप्रकार उपन्यासमा जस्तै कथामा पनि सामाजिक प्रस्तुतिलाई पूर्णतः उपेक्षा नगरिकन कुनै पनि कथा/कृतिको रचना हुन नसक्ने देखिन्छ ।

प्राचीन कालदेखि कथामा मूलतः नीति र उपदेश अंशतः मनोरञ्जनको प्राधान्य भए पनि त्यस बेलाको समाज र परिवेश प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिविम्बित हुँदै आएको पाइन्छ भने आधुनिक कथाको जन्म सँगसँगै कथामा सामाजिकताको मात्रा पर्याप्त विकसित हुँदै आएको भेटिन्छ । वास्तवमा आधुनिक कथाको जन्म मध्यकालीन अतिमानवीय र उडन्ते सामाजिक सन्दर्भलाई छोडेर यथार्थ समाजलाई आफ्नो विषयवस्तु बनाउन थालेदेखि मात्र भएको छ । (ईश्वर बराल,२०२९:२८)। त्यसैले विचार गर्दा सामाजिकता आधुनिक कथाको सूत्रपातका लागि मूल मेरुदण्ड बन्न पुगेको प्रत्यक्षतः अनुभव गर्न सकिन्छ ।

आधुनिक कथा मूलतः पश्चिमी साहित्यिक परम्पराको देन मानिन्छ । यही पाश्चात्य परम्परामा आधुनिक कथाको जन्म र विकास सँगसँगै जसरी सामाजिकताको प्रयोग र विकास हुन थालेको पाइन्छ, त्यसरी नै नेपाली कथामा पनि सामाजिकताको प्रयोग र विकास विस्तार विस्तार हुँदै आएको देखिन्छ । (ईश्वर बराल,२०२९:९९-१२०) पाश्चात्य जगत्मा पनि स्थूल सामाजिकताबाट सूक्ष्म र जटिल सामाजिकतासम्म कथाले चहारीसकेको देखिन्छ भने नेपाली कथा पनि विस्तार-विस्तार सूक्ष्म सामाजिकताको सन्दर्भतिर अगाडि बढ्न खोजिरहेको प्रतीत हुन्छ । सामाजिकताको सूक्ष्मातिसूक्ष्म यस किसिमको गहिराइले स्थूल सामाजिक घटना र समस्यालाईसमेत खोतलिरहेको अनुभव हुन्छ । साहित्यका विभिन्न विधा मनोविश्लेषणको प्रभाव बढ्दै गएको अहिलेको सन्दर्भमा कथामा पनि मनोविज्ञानको प्रभाव पर्याप्त पर्न गएकाले आजको विकसित कथा/साहित्य अब केवल स्थूल सामाजिक वातावरणको प्रयोग र विवरणमा मात्र सीमित देखिंदैन । यसले सामाजिक, आर्थिक, राजनैतिक दृष्टिले केलाइने उच्च-निम्न, धनी- गरिब, शासक- शासित आदि वर्गीय व्यवसायको चित्रणभन्दा बढी विभिन्न सामाजिक, सांस्कृतिक तथा नैतिक परिवेश र चापमा निर्मित सूक्ष्म र जटिल जीवनलाई केलाउनतिर आजको कथा मूलतः अगाडि बढेको देखिन्छ । त्यसैले समसामयिक कथा बाह्य सामाजिक परिवेश र पर्यावरणको प्रयोगलाई अन्तर्जगत केलाउने पृष्ठभूमिका रुपमा मात्र अपनाउँदै आएको बुझिन्छ ।

## नेपाली कथामा सामाजिकताको सन्दर्भ

आधुनिक कथाले समाजबाट लिएको लोकप्रिय प्रभावबाट नेपाली कथा पनि अछुतो रहेको छैन । नेपाली लोककथाहरूले नेपालीहरूको मानसिकताको प्रतिबिम्ब बोकेका छन् भने लिखित अवस्थामा आइसकेपछि प्रारूप र पृष्ठभूमिकालमा अनुदित, अनुकृत, रूपान्तरित र मौलिक कथाहरूले पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा तत्कालीन नेपाली समाज, सामाजिक अवस्था र समाज मनोभावनाकै परिचय बोकेका छन् । सिद्धान्ततः आधुनिक लघुकथाको सचेत लेखन प्रारम्भ गुरूप्रसाद मैनालीको 'नासो' (वि.सं. १९९२) सँगसँगै नेपाली कथामा सैद्धान्तिक सामाजिक सन्दर्भ पनि सुरु भएको छ र क्रमिक रूपमा विकसित हुन थालेको छ ।

यसरी प्रारूप र पृष्ठभूमिकालमा अनुदित रूपान्तरित नेपाली कथाकृतिहरूमा नेपाली समाजको नैतिक र धार्मिक पक्ष बढी प्रोत्साहित भएको छ भने माध्यमिक चरणका कथाकृतिहरूमा पनि केही सुधारको विकास विस्तार भएको छ । तर त्यस्तै आधुनिक कालमा आएर सामाजिकताको सैद्धान्तिक सन्दर्भ बहुविध रूपमा विभाजित हुन पुगेको छ । त्यही बहुविध रूपमा विभाजित सैद्धान्तिक सामाजिक सन्दर्भहरूलाई आधुनिक नेपाली कथाहरूले निर्वाह गर्दै आएका छन् । समाज र सामाजिक चेतनाको विकास सँगसँगै नेपाली कथाको आधुनिक सामाजिक सन्दर्भ पनि अगाडि बढेको छ । विभिन्न राजनैतिक परिवर्तन सामाजिक संरचनामा स्वाभाविक तवरले हुँदै आइरहेको परिवर्तन र युगीन विश्वजनीन मानवचेतना अथवा साहित्यका नव-नव मान्यताहरूले ल्याएको प्रभावले नेपाली कथाको वर्तमान सामाजिक सन्दर्भ अभिन्न रूपले प्रभावित रहँदै आएको महसुस हुन्छ ।

# १. सन्दर्भग्रन्थसूची

## क. सन्दर्भपुस्तकसूची


उपाध्याय, केशवप्रसाद.

२०३० **साहित्यप्रकाश**. काठमाडौं : साझा प्रकाशन, ।

खनाल, यदुनाथ.

२०३० **समालोचनाको सिद्धान्त.** (ते.सं.), काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव.

२०३६ **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा.** (द्वि.सं.) काठमाडौं : साझा प्रकाशन ।

बराल, ईश्वर (सम्पा.)

२०३३ **झ्यालबाट.** (दो.सं.) काठमाडौं : साझा प्रकाशन ।

विल्स् राल्फ एल.

सन् १९७३ **एन इन्ट्रोडक्सन टु एन्थ्रोपोलोजी,** (चौ.सं.) लण्डन : कोलायर्स म्याकमिलन पब्लिसर्स ।

शर्मा, रामकृष्ण

२०२० **दस गोरखा**. काठमाण्डौँ,साझ प्रकाशन

## ख. सन्दर्भपत्रपत्रिकासूची

*गोठाले,* गोविन्द.

२०२७ 'अन्तर्वार्ता'. **रूपरेखा-११५**।

भट्टराई, रमेशकुमार.

२०६१ '*गोठाले*का कथाको सामाजिक परिवेश'. **दोभान**, (५/२) ।

शर्मा, बालचन्द्र.

२०१० 'समाज र साहित्य'. **प्रगति**, (१/४) ।